## सामुदायिक क्याम्पसको भौतिक सवलीकरण अनुदान सम्वन्धी कार्यविधि, २०७८

प्रस्तावना:

सामाजिक विकास मन्त्रालयको आ.व. २०७८/०७९ को स्वीकृत कार्यक्रम अन्तर्गत सामुदायिक क्याम्पसको भौतिक सवलीकरण अनुदान कार्यक्रममा बजेट विनियोजित भएको र सो कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागि सम्बन्धित संस्थाको भूमिका, जिम्मेवारी स्पष्ट पार्न, कार्यान्वयनमा एकरुपता कायम गर्न, स्रोत परिचालनलाई पारदर्शी, व्यवस्थित र नतिजा मूलक बनाउने अभिप्रायले विनियोजन ऐन, २०७८ को दफा १०(२) ले दिएको अधिकार प्रयोग गरी सामाजिक विकास मन्त्रालयले यो कार्यविधि तयार गरेको छ ।

### परिच्छेद-१
### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः

१.यस कार्यविधिको नाम "सामुदायिक क्याम्पसको भौतिक सबलीकरण अनुदान सम्बन्धी कार्यविधि, २०७८" रहेको छ ।

२ यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएपछि प्रारम्भ हुनेछ ।

२. परिभाषाः

(क) **"कार्यालय/इकाइ"** भन्नाले सार्वजनिक निर्माण कार्यान्वयन इकाइ भैसेपाटी, काभ्रेपलाञ्चोक र गजुरी, धादिङलाई सम्झनु पर्दछ ।

(ख) **"क्याम्पस सञ्चालक समिति"** भन्नाले क्याम्पस व्यवस्थापन गर्ने उद्देश्यले सम्बन्धित क्याम्पसको नियमावली वा विनियमावली अनुसार गठन भएको समितिलाई सम्झनु पर्दछ ।

(ग) **"भौतिक सवलीकरण"** भन्नाले नयाँ कक्षाकोठा निर्माण वा थप गर्ने, शौचालय निर्माण गर्ने, पुरानो भवन तथा कक्षाकोठा मर्मत गर्ने, रङरोकन गर्ने, क्याम्पस परिसर निर्माण गर्ने, खेलमैदान निर्माण गर्ने, घेराबार निर्माण गर्ने मध्ये कुनै एक वा सो भन्दा बढी कामलाई सम्झनु पर्छ।

(घ) **"मन्त्रालय"** भन्नाले सामाजिक विकास मन्त्रालय, बागमती प्रदेश, हेटौडा नेपाललाई सम्झनु पर्दछ ।

(ङ) **"सामुदायिक क्याम्पस"** भन्नाले नेपाल सरकारको मान्यता प्राप्त विश्वविद्यालयबाट सम्बन्धन प्राप्त गरी गैर नाफामूलक रुपमा स्नातक र स्नातकोत्तर तहसम्मको अध्यापन गराउने क्याम्पसलाई सम्झनु पर्छ ।

यज्ञ प्रसाद
प्रदेश सचिव

माननीय कुमारी मोक्तान
सामाजिक विकास मन्त्री

## परिच्छेद-२
## उद्देश्य, सर्त, छनोट प्रकृया र मापदण्ड

३. उद्देश्यः यस कार्यविधिको उद्देश्य देहाय बमोजिम रहेको छः

(क) सामुदायिक क्याम्पसहरूको भौतिक पूर्वाधार निर्माण सम्बन्धी आवश्यकता पहिचान गर्ने,
(ख) सामुदायिक क्याम्पसहरूको भौतिक पूर्वाधार निर्माणका लागि क्याम्पस छनोटको मापदण्ड निर्धारण गर्ने,
(ग) छनोट भएका सामुदायिक क्याम्पसहरूको भौतिक सबलीकरण कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने गराउने,
(घ) भौतिक पूर्वाधारको निर्माण/पुनः निर्माण तथा मर्मत सुधार गरी शैक्षिक गुणस्तर अभिवृद्धिमा सहयोग पुऱ्याउने

४. सर्तः सामुदायिक क्याम्पसले भौतिक सबलीकरण अनुदानको लागि आवेदन दिन देहायका शर्त पुरा गरेको हुनु पर्नेछ।

१. नेपाल सरकारको मान्यता प्राप्त विश्वविद्यालयबाट सामुदायिक क्याम्पसको रुपमा सञ्चालन गर्ने गरी सम्बन्धन प्राप्त भएको हुनु पर्ने ।
२. न्यूनतम ७५ जना विद्यार्थी भएको हुनु पर्ने ।
३. माग गरिएको पूर्वाधार निर्माण गर्न पुग्ने क्याम्पसको नाममा जग्गाको लालपूर्जा वा आफ्नो नाममा लालपुर्जा नभएको अवस्थामा सम्बन्धित स्थानीय तहबाट भौतिक पूर्वाधार निर्माणका लागि क्याम्पसले उपयोग गर्न पाउने जग्गाको सुनिश्चित गरिएको हुनु पर्ने
४. क्याम्पसले भौतिक सबलीकरण अनुदानको लागि आवेदन दिएको शीर्षकमा चालु आ.व. मा संघ, प्रदेश र स्थानीय तह वा अन्य कुनै निकायबाट अनुदान प्राप्त नगरेको हुनु पर्ने
५. क्याम्पसको नियमावली वा विनियमावली अनुसार सञ्चालक समिति गठन भएको हुनु पर्ने

५. छनौट प्रकृयाः इकाइले दफा ४ बमोजिमका सर्त पुरा गरेका सामुदायिक क्याम्पसहरू मध्ये भौतिक सबलीकरण अनुदानको लागि छनोट गर्न देहायका प्रक्रिया अवलम्बन गर्नु पर्नेछ।

१. दफा ४ बमोजिमका शर्त पुरा गरेका सामुदायिक क्याम्पसहरूले भौतिक सबलीकरण अनुदानको लागि इकाइबाट तोकिएको ढाँचा र कागजातहरू सँलग्न गरी आवेदन पेश गर्न इकाइहरूले १५ दिनको सार्वजनिक सूचना राष्ट्रिय दैनिक पत्रिकामा र इकाइको वेबसाइटमा प्रकाशित गर्ने,
२. इकाइले उपदफा १ बमोजिम प्राप्त भएका प्रस्तावनाहरू जाँचबुझ तथा मूल्याङ्कन गरी दफा ४ बमोजिमका शर्त पुरा गरेका सामुदायिक क्याम्पसहरू मध्ये दफा ६ बमोजिमको मापदण्डको आधारमा PLMBIS मा तोकिएको सङ्ख्या र रकम भित्र रही सबै भन्दा बढी अङ्क प्राप्त गर्ने क्याम्पसहरू छनोट गर्ने,
३. उपदफा २ बमोजिम छनोट भएका क्याम्पसहरूलाई प्रस्तावना अनुसारको भौतिक सबलीकरण कार्यक्रम कार्यान्वयन गर्न इकाइ प्रमुखबाट निर्णय गरी क्याम्पसको नाम, ठेगाना, कार्यक्रमको



यज्ञ प्रसाद दङ्गेल
प्रदेश सचिव

किसिम र रकम सहित खुलाई सम्झौता गर्न आउन ७(सात) दिनको समय तोकी वेबसाइटमा सूचना प्रकाशन गर्ने र सोको जानकारी सम्बन्धित क्याम्पसलाई समेत दिने,

४. उपदफा ३ बमोजिम सम्झौता गर्न आएका सामुदायिक क्याम्पसहरूसँग इकाइ प्रमुखले सार्वजनिक खरिद ऐन नियम अनुसारका प्रावधान पालना गराउने गरी आवश्यक शर्तहरू समावेश गरी सम्झौता गर्ने,

५. उपदफा ३ अनुसार छनोट भएका क्याम्पस तोकिएको समयमा सम्झौता गर्न नआएमा सोको सट्टा दफा ४ बमोजिमका शर्त पुरा गरी उपदफा २ बमोजिमको छनोटको सङ्ख्यामा नपरेका सबै भन्दा बढी अंक प्राप्त गर्ने क्याम्पसहरूको नाम छनोट गरी उपदफा ३ र ४ बमोजिमको प्रक्रिया अवलम्बन गरी सम्झौता गर्ने ।

६. छनोटका मापदण्डहरू : इकाइले भौतिक सबलीकरण अनुदानका लागि प्रस्ताव पेश गर्ने क्याम्पसहरू मध्ये दफा ४ बमोजिमका सर्त पुरा गरेका क्याम्पसहरूलाई दफा ५(२) बमोजिम छनोट गर्दा तपसिलमा उल्लिखित मापदण्डको आधारमा गर्नु पर्नेछ ।

क. कार्यक्रम (Faculties) सञ्चालन - ५ पूर्णाङ्क

१. दुई वा दुई भन्दा बढी कार्यक्रम संचालन गरेको क्याम्पस भएमा – ५ अङ्क

२. एक मात्र कार्यक्रम सञ्चालन गरेको क्याम्पस भएमा – ३ अङ्क

ख. विद्यार्थी सङ्ख्या - १० पूर्णाङ्क

१. १५० जना भन्दा बढी विद्यार्थी संख्या भएको क्याम्पस भएमा – १० अङ्क

२. ७५ देखि १५० जनासम्म विद्यार्थी संख्या भएको क्याम्पस भएमा – ५ अङ्क

ग. छात्रा भर्नादर - १० पूर्णाङ्क

१. कूल विद्यार्थी भर्ना संख्याको ५० प्रतिशत भन्दा बढी छात्राहरु अध्ययनरत भएमा – १० अङ्क

२. कूल विद्यार्थी भर्ना संख्याको ५० प्रतिशत सम्म छात्राहरु अध्ययनरत भएमा – ५ अङ्क

घ. दलित विद्यार्थी भर्ना दर: ५ अंक

१. कूल विद्यार्थी भर्ना सङ्ख्याको १० प्रतिशत भन्दा बढी दलित विद्यार्थी अध्ययनरत भएमा- ५ अंक

२. कूल विद्यार्थी भर्ना सङ्ख्याको १० प्रतिशत सम्म दलित विद्यार्थी अध्ययनरत भएमा - ३ अंक

ङ. भौगोलिक क्षेत्र - १० पूर्णाङ्क

१. गाउँपालिका भित्रको क्याम्पस भएमा - १० अङ्क

२. नगरपालिका भित्रको क्याम्पस भएमा – ७ अङ्क

३. उपमहानगरपालिका/ महानगरपालिका भित्रको क्याम्पस भएमा – ५ अङ्क



यज्ञ प्रसाद ढुङ्गेल
प्रदेश सचिव

च. जग्गाको स्वामित्व - १० पूर्णाङ्क

१. क्याम्पसको आफ्नै नामको जग्गाको धनी पूर्जा भएमा -१० अङ्क

२. स्थानीय तहबाट जग्गाको उपभोग गर्न दिएको भएमा -५ अङ्क

## परिच्छेद-४

## कार्यक्रम सञ्चालन विधि र क्याम्पसले पालना गर्नु पर्ने सर्तहरू

७. भौतिक सबलीकरण कार्यक्रम सञ्चालन गर्न छनोट भएका क्याम्पसको इकाइबाट स्थलगत रुपमा निरीक्षण गरी मान्यता प्राप्त सम्बन्धित प्राविधिकबाट ड्रइङ, डिजाइन, लागत स्टिमेट तयार गर्न लगाई इकाइ प्रमुखबाट स्वीकृत गर्नु पर्नेछ।

८. स्वीकृत कार्यक्रमहरुको कार्यान्वयनका लागि सम्वन्धित क्याम्पस सञ्चालक समिति/ व्यवस्थापन समितिका अध्यक्ष र क्याम्पस प्रमुखसंग आवश्यक सर्तहरू समावेश गरी सम्झौता गरी कार्यक्रम सञ्चालन गर्नु पर्नेछ।

९. नेपाल सरकार तथा प्रदेश सरकारबाट जारी भएका सार्वजनिक खरिद सम्बन्धी प्रचलित ऐन, नियम (संशोधन सहितको सार्वजनिक खरिद ऐन,२०६३ तथा सार्वजनिक खरिद नियमावली,२०६४) तथा कार्यविधि अनुसार कार्यक्रम कार्यान्वयन गर्नु गराउनु पर्नेछ ।

१०. नेपाल सरकार तथा प्रदेश सरकारबाट जारी भएका सार्वजनिक खरिद सम्बन्धी प्रचलित ऐन, नियम (संशोधन सहितको सार्वजनिक खरिद ऐन,२०६३ तथा सार्वजनिक खरिद नियमावली,२०६४) तथा कार्यविधिको परिधिभित्र रही क्याम्पस सञ्चालक समिति/ व्यवस्थापन समितिले नै उपभोक्ता समितिको रुपमा कार्यक्रम कार्यान्वयन गर्ने गरी क्याम्पसबाट प्रस्तावना पेश भएको अवस्थामा इकाइले सार्वजनिक खरिद ऐन नियम बमोजिमका प्रकृया पुरा गरी क्याम्पस सञ्चालक समिति/ व्यवस्थापन समितिसँग सम्झौता गरी कार्यक्रम कार्यान्वयन गर्न सक्नेछ।

११. क्याम्पसको भौतिक सबलीकरणको कार्य सुरु भए पश्चात् इकाइले सम्झौतामा उल्लेख भए बमोजिम पहिलो किस्ता वापत अनुदान रकमको बढीमा २०% सम्म रकम पेश्की स्वरुप इकाइ प्रमुखबाट निर्णय गराई क्याम्पसको बैंक खातामा निकासा दिइनेछ ।

१२. दोस्रो किस्ता माग भएको अवस्थामा इकाइका प्राविधिकले नापजाँच गरी पेश भएको कार्य प्रगति प्रतिवेदनका आधारमा दोस्रो किस्ताको रुपमा सम्झौता रकमबाट बाँकी रकमको बढीमा ३०% सम्म रकम इकाइ प्रमुखबाट निर्णय गराई क्याम्पसको बैंक खातामा निकासा दिइनेछ।

१३. सम्पूर्ण कार्य सम्पन्न भइसके पछि क्याम्पसले पेश गरेको कार्य सम्पन्न प्रतिवेदन र कागजातको आधारमा कार्य सम्पन्न भए नभएको सम्बन्धमा इकाइका प्राविधिकले स्थलगत रुपमा भ्रमण तथा नापजाँच गरी नापी किताब भरी कार्य सम्पन्न प्रतिवेदन समेतका आधारमा अन्तिम किस्ताको रूपमा बाँकी रकम इकाइ प्रमुखबाट निर्णय गराई क्याम्पसको बैंक खातामा निकासा दिइनेछ। अन्तिम किस्ताको रकम भुक्तानी दिनु अघि दफा १६ बमोजिमको शर्त पालना गरेको हुनु पर्नेछ।

यज्ञ प्रसाद ढुङ्गेल
प्रदेश सचिव



माननीय कुमारी मोक्तान
... मन्त्री

प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
बागमती प्रदेश
हेटौंडा, मकवानपुर, नेपाल

१४. निर्माण कार्यको भुक्तानी गर्दा अनुदान रकमबाट कन्टिजेन्सी रकम कट्टा गर्ने, धरौटी वापतको रकम कट्टा गर्ने तथा धरौटी रकम फिर्ता गर्ने, निर्माण सम्पन्न गर्नु पर्ने अवधि तोक्ने र सम्झौताका सर्त सम्बन्धी प्रावधानहरू समावेश गर्ने विषय इकाइ प्रमुखले सार्वजनिक खरिद ऐन, नियम अनुसारको प्रक्रिया पुरा गरी गर्नु पर्नेछ।

१५. क्याम्पसले पेश गर्ने निवेदनको ढाँचा तथा कागजात, सम्झौताको ढाँचा तथा त्यसमा राख्नु पर्ने सर्तहरु इकाइ प्रमुखबाट स्वीकृत गराई कार्यान्वयन गर्नु पर्नेछ ।

१६. सामुदायिक क्याम्पस भौतिक सबलीकरण कार्यक्रमबाट निर्माण भएको संरचना अलग्गै पहिचान हुने गरी निर्माण तथा मर्मत सम्भार भएको हुनुपर्नेछ। उक्त संरचनामा बागमती प्रदेश सरकार, सामाजिक विकास मन्त्रालयको सहयोगमा निर्माण भएको भन्ने व्यहोरा टाँस गर्नु पर्नेछ। एक भन्दा बढी संरचना निर्माण भई अलग अलग विवरण टाँस गर्न नसकिने भएमा सार्वजनिक रुपमा सबैको पहुँच पुग्ने गरी क्याम्पस परिसरमा त्यस्तो व्यहोरा उल्लेख गरी सम्पन्न भएको कार्यक्रम/क्रियाकलापको नाम, विवरण, परिमाण र लागत रकम समेत उल्लेख गरी जानकारी बोर्ड टाँस गर्नु पर्नेछ।

## परिच्छेद-५
## विविध

१७. **विवरण पठाउनु पर्ने:** इकाइले सामुदायिक क्याम्पस भौतिक सबलीकरण कार्यक्रमको लागि छनोट गरिएको क्याम्पसको विवरण र कार्य सम्पन्न भए पछि कार्य प्रगती विवरण मन्त्रालयमा पठाउनु पर्नेछ।

१८. **लेखा तथा लेखापरीक्षण:** सामुदायिक क्याम्पस भौतिक सबलीकरण अनुदान वापत प्राप्त गरेको रकमको नेपाल सरकारको लेखा प्रणाली अनुसार लेखा राख्नु पर्नेछ र लेखापरीक्षण प्रचलित कानून बमोजिम गर्नुपर्नेछ।

१९. **सरकारी बाँकी सरह असुलउपर गरिने:** सामुदायिक क्याम्पस भौतिक सबलीकरण अनुदान प्राप्त गर्ने क्याम्पसले सम्झौतामा तोकिएको शर्त विपरीत कार्य गरेमा वा कार्य सम्पन्न नगरी बीचमा कार्य छाडेमा अनुदान निकासा भएको रकम क्याम्पससँग सरकारी बाँकी सरह इकाइले असुलउपर गर्नेछ।

२०. **प्रचलित कानुन बमोजिम हुने:** यस कार्यविधिमा उल्लेख भए देखि बाहेकका अन्य विषयहरूमा प्रचलित कानुन बमोजिम हुनेछ।

यज्ञ प्रसाद दाहाल
प्रदेश सचिव

माननीय कुमारी मोक्तान
सामाजिक विकास मन्त्री